# नाम्खा गाउँपालिका

## याल्वाङ्ग हुम्ला

# बार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७९।२०८०

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याल्वाङ्ग, हुम्ला
कर्णाली प्रदेश, नेपाल

नाम्खा गाँउसभाको सभाअध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु ,

संविधानले सुनिश्चित गरेको प्रावधानहरुलाई अक्षरस : पालना गर्ने क्रममा स्थानिय तहको निर्वाचन २०७४ सम्पन्न भईसकेर आज हामी नाम्खा गाउँपालिकामा स्थानिय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा निकै हर्ष विभोर भएका छौं। देशलाई यस स्थितीमा ल्याई पुर्याउन आफनो प्राणेत्सर्ग गर्ने महान सहिदहरु,जनआन्दोदलनका घाइतेहरु ,द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघिय व्यवस्था स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई सम्भन चाहन्छौं।

देशमा संघियता कार्यन्वयनमा गर्ने क्रममा हामी हाम्रो स्थानीय सरकारको जिम्मेवारीको आवधिक चुनावमा निर्वाचित भई दोस्रो कार्यकालको पहिलो वर्षमा आएका छौ । नाम्खा वासीका असिमित आवश्यकताहरुलाई संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सिमित स्रोत साधनलाई उच्चतम प्रयोग गरी जन सेवामा लगाउने प्रयास गरेका छौ । नाम्खा वासीहरुका धेरै आवश्यकताहरु छन् तर हामी संग सिमित स्रोत साधनका कारण सबै आवश्यकताहरु पुरा गर्न नसकिएकोमा हामीलाई पनि दुख लागेको छ ।

उपस्थित सभाका सदस्यहरु ,

अब म यस नाम्खा गाउँपालिकाको निती तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. नाम्खा गाउँपालिकाको स्थानिय सरकारले विकट भौगालिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनतालाई विकासमा प्रत्यक्ष सहभागी गराउने ,मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिबिधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवि न्युनिकरण गर्ने प्रमुख नीति लिएको छ।

**२. सडक यातायात** :यस गाँउपालिकाका धेरै वडा कार्यालय तथा वस्तीहरु सडक सञ्जालमा जोडी सकेको छ । बाँकी वडाकार्यालय र वस्तीहरु पनि अविलम्ब जोड्न संघीय सरकार र प्रदेश सरकारसंग पहल भैरहेको छ । अन्य स्थानीय सडकहरु निर्माणका साथै नाम्खा वासिन्दाहरुको सहजताका लागि गाँउपालिकाको स्रोतबाट मर्मत सम्भार गरी रहेको जानकारी नै छ । आगामी वर्षमा गाँउपालिका भरीमा सडक आवागमनमा सहजता ल्याउने नीति लिईएको छ ।

**३. शिक्षा** :यस गाँउपालिकामा रहेका विद्यालय भवनहरु मध्ये हेप्का र खगालगाँउमा विद्यालय भवन हरु जिर्ण भई विद्यालयमा पठनपाठन गर्न कठिनाई परेको सन्दर्भमा खगालगाँउमा रहेको विद्यालयलाई मर्मत सम्भार र हेप्कागाँउमा थप नयाँ ३ कोठे भवन निर्माण सम्पन्न हुने चरणमा रहेका छन् । विद्यालयमा आवश्यकता अनुसार शिक्षक दरवन्दी रहेको छ । कोभिड १९ समस्याका कारण यो वर्षको विद्यालयमा अध्ययन अध्यापन पुरा अवधी नभएकाले विद्यालयको गुनासो समस्या आएको देखिएन । राज्यको सरकारी निकायमा यस गाँउपालिकाका युवाहरुको सहभागिता कम भएको देखिएकोले उच्च शिक्षा हासिलका लागि स्वास्थ्य क्षेत्रमा १ जना, अन्य प्राविधिक क्षेत्रमा १ जना, यस गाउँपालिकाका उच्चतम अंक प्राप्त गरेका युवालाई प्रतिव्यक्ति रु २लाख आर्थिक अनुदान उपलब्ध गराउने र एक मात्र उच्च

अध्यक्ष

प्रमुख प्रशासकिय अधिकृत

माध्यामिक विद्यालयमा व्यावसायिक शिक्षा पठन पाठनका लागि आवश्यक पहल गर्ने नीति लिईएको छ ।

**४ स्वास्थ्य सेवा :**यस गाँउपालिकामा प्रत्येक वस्तीमा स्वास्थ्य संस्था निर्माण गरी स्वास्थ्य सेवामा सहज पहुँच बढाउने नीति बमोजिम यालवाडमा १५ शैयाको आधारभुत अस्पताल निर्माणका लागि ठेक्का प्रकृया सकि कार्यान्वयन चरणमा पुगेको छ । यालवाडमा अर्को नया भवन निर्माण अन्तिम चरणमा पुगेको छ ,गाँउपालिका केन्द्रमा ल्यावको व्यवस्था गरी सानो तिनो परिक्षणका लागि सिमिकोट जानु पर्ने बाध्यता हटाईएको छ । खगालगाउँमा स्वास्थ्य चौकी र वर्थिड सेन्टर निर्माण अन्तिम चरणमा पुगेको छ । हेप्का स्वास्थ्य चौकीलाई मर्मत सम्भार गरिएको छ । मुचु स्वास्थ्य चौकी विद्युतिय व्यवस्थामा सुधार गरिएको छ । लिमि वर्थिड सेन्टर निर्माण सम्पन्न भएको छ । सवै स्वास्थ्य संस्थामा कर्मचारीहरुको यथेष्ट व्यवस्था गरिएको छ । नाम्खा गाँउपालिकाको सम्पुर्ण स्वास्थ्य सेवा (एम वि वि एस ) मेडिकल अफिसर तहबाट उपलब्ध गराईएको छ । आगामी वर्षमा च्यादुगाँउ र चाला गाँउमा स्वास्थ्य संस्था संरचना निर्माण गर्ने र गाडापारी, धिंगा र खोल्सीमा सामुदायीक स्वास्थ्य इकाइ स्वीकृतीका लागि पहल गर्ने नीति लिईएको छ ।

**५ कृषि र पशु विकास क्षेत्र :** क्षेत्रमा यो वर्ष मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि सवै वस्तीमा ग्रिनहाउस निर्माणका लागि यथेष्ट रुपमा वस्ती वस्तीमा पुर्‍याइएको छ । समयानुसार तरकारी बिउविजन पनि संगसंगै उपलब्ध गराईएको छ । लिमि, किर्मी र च्यादुमा कृषि पकेट क्षेत्रको रुपमा विकास गर्न कार्यक्रम अंगाडी बढाईएको छ । प्रत्येक वस्तीमा सिचाईको व्यवस्था गरिएको छ । आगामी दिनमा उत्पादित बालीहरुको बजारीकरण गर्ने, च्याउ खेतीलाई व्यावसायिक खेतिका रुपमा विकास गर्ने र विगतका प्रभावकारी कार्यक्रमलाई निरन्तरता दिने नीति लिईएको छ ।

चाला, यारी र लिमिमा चौरी याक व्यवसायलाई व्यवसायिक गर्न चौरीको संरक्षण र वृद्धि गरी त्यसवाट रोजगारी श्रृजना गरी आयस्रोतमा बृद्धि लिने गरी कार्यक्रम लागु भएका छन्, खगालगाँउमा बाखा पकेट क्षेत्रको कार्यक्रम सन्चालनमा आएको छ । सवै वस्तीमा लुलु गाई र साँढे वितरण कार्यलाई निरन्तरता दिईएको छ । आगामी वर्षमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने नीति लिईएको छ ।

**६उर्जा तथा सन्चार :** यस गाँउपालिकामा विद्युतिय सुविधा नपुगेका हिल्सा र यारीमा सोलार ग्रिड जडान गरी सेवा पुर्‍याउन सम्झौता भई कार्यान्वयन चरणमा छन् आगामी पौष सम्म उक्त कार्य सम्पन्न भई हस्तान्तरण हुने कार्यतालिका रहेको छ । वस्तीमा रहेका साना जलविद्युत्त आयोजना मर्मत सम्भार गरी विद्युत्त सेवालाई निरन्तरता दिइएको छ । लिमिको तिल, धारापोरी डाँडाफया र नारालेकमा आगामी वर्ष टेलिफोन टावर निर्माण भै सन्चालनमा ल्याउने पहल भै रहेको छ । आगामी वर्षमा प्रत्येक वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध गराउने नीति लिइएको छ ।

**७ पर्यटन, बन तथा बातावरण, जडीबुटी :** यस गाँउपालिका बासिन्दाको रोजगारी बृद्धि गरी आय बृद्धि गर्न प्रमुख क्षेत्र रहेको यस क्षेत्रको विकासका अन्तराष्ट्रिय गैरसरकारी क्षेत्र इसिमोड र गाँउपालिकाको साझेदारीमा दिर्घकालिन योजना कार्यान्वयनका लागि यसै गाँउसभाबाट नीति पारित गरी कार्यान्वयनमा ल्याउने कार्यक्रम रहेको छ । यस क्षेत्रका बृहत्त विषयमा अनुसन्धान, पहिचान, कार्यान्वयन र त्यसबाट प्रत्यक्ष प्रतिफल प्राप्त हुने गरी कार्यक्रम अगाडी बढाईएको छ जसबाट नाम्खावासीमा रोजगारीमा बृद्धि, आयआर्जनमा बृद्धि भई उच्च स्तरको जीवन यापनमा प्रत्यक्ष लाभ पुग्ने आशा लिएको छ ।

**८.महिला बिकास, बालबालिका , जेष्ठ नागरिक, अशक्त अपागं, सुरक्षित आवाष** : प्रत्येक वडाहरुमा महिला समुह गठन भएका छन, विद्यालयहरुमा बाल क्लव गठन भएका छन , जेष्ठ नागरिकहरुलाई पौष्टिक तत्व वितरण गर्ने, आवागमनका लागि आधुनिक लठ्ठी वितरण, अपागंहरुको अभिलेख

अध्यक्ष

प्रमुख प्रशासकिय अधिकृत

व्यवस्थित गरी परिचय पत्र वितरण गर्न समिति समेत गठन भई कार्यान्वयन चरणमा रहेको छ, अशक्त अपागं र घरवार विहिन व्यक्तिहरुलाई सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिएको छ । आगामी वर्षदेखि सामाजिक सुरक्षा कार्यक्रम बैकिगं प्रणालीबाट अनिवार्य वितरण गर्नुपर्ने वाध्यात्मक अवस्था भएकोले सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापनका लागि सवै तहबाट सहयोग गरिदिन हुनेछ भन्ने आसा लिएको छु । आगामी बर्षमा यस गाँउपालिकालाई छाउपडी मुक्त गाँउपालिका घोषणा गरिनेछ र हाल कार्यान्वयनमा रहेका कार्यक्रमहरु निरन्तरता दिने र थप अन्य कार्यक्रम ल्याउने नीति लिईएको छ ।

**९ विपद व्यवस्थापन तथा राहत कार्यक्रम** : धेरै ठुलो तथा विकट भुमी यस गाँउपालिकाको कठिनाईको विषय भएको छ । छरियर रहेका वस्तीलाई सवै सुविधा उपलब्ध गराउन अतिनै कठिनाइ परेको महशुष भएको छ । लगभग ६ महिना गाँउपालिका संग संञ्चार, बाटो, मौषम समेतका कारण सम्पर्कमा रहन नसक्ने लिमिका वासिन्दाहरुको दैनिकि आवश्यकताको व्यवस्थापन गर्न ठुलो लगानी गर्नुपर्ने तर प्राप्ती सानो देखिने बाध्यात्मक अवस्था छ । अविरल वर्षाका कारण बाटोहरु क्षतविक्षत भएको छ गाँउपालिकाको सम्पुर्ण बजेट लगाय पनि मर्मत सम्भार गर्न नसकिने अवस्था रहेको छ , कोभिड १९ समस्याका कारण औषधी खरिद, कर्मचारीहरुको खटनपटन र व्यवस्थापन,

**१० धर्म तथा सस्कृति :** यस गाउँपालिकामा सम्पूर्ण बासिन्दाहरु बौद्ध धर्मालम्वी रहेका कारण बासिन्दाको धर्मप्रतिको आस्थालाई सम्मान गर्दै बौद्ध धर्म सम्बन्धि गुम्वा निर्माण, मर्मत सम्भार, सामुदायिक भवन निर्माण जस्ता पुर्वाधारहरु निर्माण गरिएको छ । बाँकी वस्तीमा आगामी वर्षमापुर्‍याउने नीति लिईएको छ ।

**११. सुशासन प्रवर्द्धन** : यस गाँउपालिकाको स्वीकृत दरवन्दी मध्ये प्राविधिक र अप्राविधिक दुवै क्षेत्रका धेरै दरवन्दी पुर्ति भएको रिक्त दरवन्दिमा करार सम्झौता गरी कर्मचारीहरुको अभाव हुन नदिएको । कार्यालयबाट प्रवाह हुनुपर्ने सेवा यथासमयमा प्रदान हुने गरी व्यवस्था गरिएको छ । आगामी दिनमा कर्मचारीहरुलाई खटिएको स्थानमा बस्न कार्यस्थल, कार्यवातावरण, सुरक्षाको प्रत्याभुती गरी यथास्थानमै वसी सेवा प्रदान गर्ने । सेवा प्रवाहमा निरन्तर कार्य गर्ने कर्मचारीलाई पुरस्कृत र नगर्ने कर्मचारीलाई दण्डितको व्यवस्था गरिनेछ ।

**गाँउसभाका सदस्यज्यूहरु**

हामी संविधान बमोजिम गठित स्थानिय सरकारको हैसियतले निर्वाचित भएको यो पाँचौ वर्षमा प्रवेश गरेका छौ । शासकिय व्यवस्था अनुसार अर्को अन्यथा निर्णय नभए वाहेक अर्को गाँउसभामा हामी सवै यसरी संगै जनताको जनजीविकाका विषयमा छलफल गर्ने वातावरण नहुन सक्छ विगत ४ बर्षमा स्थानीय सरकार सञ्चालनमा उपाध्यक्षज्यू लगायत वडाध्यक्षज्युहरु कार्यपालिका सदस्यज्यूहरु र गाँउसभाका सदस्यज्यूहरुले दिनु भएको अमुल्य सहयोग साथ र सुझावमा हृदयदेखी धन्यवाद दिन चाहान्छु र आगामी वर्षमा पनि यस्तै सहयोग र साथ रहनेछ भन्ने आशा लिएको छु । मैले नाम्खा गाँउपालिकाको तर्फवाट सभासमक्ष पेश गरेको आ.व.२०७९।०८० को नीति तथा कार्यक्रम पारितका लागि निर्णयार्थ पेश गरेको छु

धन्यवाद ।

अध्यक्ष

प्रमुख प्रशासकिय अधिकृत